प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय

गण्डकी प्रदेश, पोखरा, नेपाल

सूचना प्रकाशित मितिः२०७७/१०/१३

## गण्डकी प्रदेश विकास प्राधिकरणको कार्यकारी निर्देशकको पुनःआवेदन आह्वान गरिएको सूचना

गण्डकी प्रदेश विकास प्राधिकरण ऐन, २०७७ बमोजिम स्थापना हुने गण्डकी प्रदेश विकास प्राधिकरणको कार्यकारी निर्देशक पदमा नियुक्तिको लागि आवेदन पेश गर्न १५ दिनको म्याद राखी मिति २०७७/९/२५ को दैनिक गोरखापत्रमा सूचना प्रकाशन गरिएकोमा सो सूचना बमोजिम परेका आवेदनहरू कायमै राखी सो प्रक्रियालाई थप प्रतिस्पर्धी बनाउन आवश्यक भएकोले इच्छुक योग्यता र अनुभव पुगेका उम्मेदवारले यो सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र दिनभित्र र सो दिन विदा परेमा कार्यालय खुलेको दिन यस कार्यालयमा वा यस कार्यालयको इमेल ocmcm.gandaki@gmail.com मार्फत आवेदन पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि पुनःयो सूचना प्रकाशन गरिएको छ।

१. **आवेदकको योग्यता र अनुभवः** मान्यता प्राप्त शिक्षण संस्थाबाट अर्थशास्त्र, वाणिज्यशास्त्र, इन्जिनियरिङ्ग, व्यवस्थापन वा विकास सम्वन्धी विषयमा कम्तीमा स्नातकोत्तर तह उत्तीर्ण गरेको र आयोजना विकास,सार्वजनिक-निजी साझेदारी, लगानी प्रवर्द्धन, विकास प्रशासन, बैंकिङ्ग, वित्तीय क्षेत्र वा औद्योगिक व्यवस्थापनको क्षेत्रमा कम्तीमा सात वर्षको अनुभव हासिल गरेको वा मान्यता प्राप्त शिक्षण संस्थाबाट उल्लिखित विषयमा विद्यावारिधि गरेको भए कम्तीमा पाँच वर्षको अनुभव प्राप्त गरेको हुनु पर्ने।

२. **पेश गर्नु पर्ने कागजातः** आवेदकले आवेदनसाथ देहायका कागजातहरु स्वयं प्रमाणित गरी पेश गर्नुपर्नेछ।

(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी,

(ख) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी,

(ग) अनुभव खुल्ने प्रमाणपत्रको प्रतिलिपी,

(घ) व्यक्तिगत विवरण (Curriculum Vitae) र

(ङ) गण्डकी प्रदेश विकास प्राधिकरणको कार्यकारी निर्देशक सिफारिस सम्वन्धी कार्यविधि, २०७७ मा उल्लेख भए बमोजिमको नेपाली वा अङ्ग्रेजी भाषामा लेखिएको २५०० शब्दसम्मको व्यवसायिक योजना।

३. **मूल्याङ्कनका आधारहरुः** आवेदकहरुको देहायका आधारमा मूल्याङ्कन गरिनेछ।

- शैक्षिक योग्यता र अनुभव,
- व्यवसायिक योजना,
- व्यवसायिक योजनाको प्रस्तुतिकरण र
- अन्तर्वार्ता ।

४. **व्यवसायिक योजनामा समावेश गर्नु पर्ने विषयः**

- प्राधिकरणको नीति, रणनीति र कार्यक्रम,
- संगठन संरचना र व्यवस्थापन,
- श्रोत साधनको दिगो परिचालन तथा व्यवस्थापन,
- ठूला आयोजनाको लागि स्वदेशी विदेशी स्रोतवाट लगानी जुटाउने उपायाहरू,
- सार्बजानिक निजी-साझेदारी,
- ठूला आयोजना कार्यान्वयन प्रक्रिया,
- समन्वय र सहकार्य र
- व्यवसायिक योजना कार्यान्वयन कार्ययोजना

५. **आवेदन पेश गर्ने ठेगाना र सम्पर्क गर्ने व्यक्तिः** ईच्छुक आवेदकले देहायको ठेगानामा आवेदन पेश गर्नु पर्नेछः-

**मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय**

गण्डकी प्रदेश, पोखरा, नेपाल

फोन नं.- ०६१-४६७६४८

इमेलःocmcm.gandaki@gmail.com

**प्रस्तुत विषयमा थप जानकारी आवश्यक भएमा यस कार्यालयका प्रवक्ता (मोवाइल नं. ९८५६०३६८८८) सँग सम्पर्क राख्न सकिनेछ।**